# महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४

## भाग – २

नेपालको अन्तरिम संविधान, २०६३ एवं लेखापरीक्षण ऐन, २०४८ मा व्यवस्था भएबमोजिम २०६३।६४ मा सम्पन्न गरेको लेखापरीक्षण र अन्य कामको विवरण समेत समावेश गरी संविधानको धारा १२४ (१) बमोजिम वार्षिक प्रतिवेदन, २०६४ प्रस्तुत गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४(२) मा उल्लेख भएअनुरुप प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएका कुराहरुको अतिरिक्त लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षण बेरुजूको स्थिति, बेरुजू फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजू फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण समावेश गरिएको छ । महालेखा परीक्षकको यो चवालीसौं वार्षिक प्रतिवेदन, २०६४ को दोस्रो भाग हो ।

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र महालेखा परीक्षकले लेखापरीक्षण गर्नुपर्ने गरी कानूनद्वारा तोकिएका निकायहरुको २०६२।६३ र त्यस अघिका बक्यौता समेतको पेश हुन आएसम्मको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरी देखिन आएका मुख्य व्यहोरा निम्नानुसार छुट्टाछुट्टै पाँच भागमा प्रस्तुत गरिएको छः

**सार–सङ्क्षेप:** महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४ को निम्नानुसार भाग १, २, ३, ४ र ५ मा उल्लिखित मुख्य मुख्य व्यहोरा सार–सङ्क्षेपको रुपमा यस भागमा प्रस्तुत गरिएको छ ।

भाग – १: **सरकारी कार्यालय** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायत सबै सरकारी कार्यालयहरुको विनियोजन, राजस्व, धरौटी र अन्य आय–व्ययको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा उल्लेख छ ।

भाग – २: **कार्यमूलक लेखापरीक्षण** – आयोजना, कार्यक्रम तथा विषयको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतको दृष्टिकोणबाट परीक्षण गरी देखिएका व्यहोरा यस भागमा प्रस्तुत गरिएको छ ।

भाग – ३: **संगठित संस्था, समिति र अन्य संस्था** – समिति तथा अन्य संस्था र सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणबाट देखिएका व्यहोरा तथा अधिकांश स्वामित्वको लेखापरीक्षणबारे परामर्श दिएको समेतको व्यहोरा यस भागमा समावेश छ ।

भाग – ४: **जिल्ला विकास समिति** – ७५ जिल्ला विकास समितिहरु तथा स्थानीय विकास कोषको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा छ ।

भाग – ५: **सरकारी कार्यालयको आर्थिक विवरण** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायतका सबै सरकारी कार्यालयहरुको विनियोजनतर्फको उपशीर्षकगत आर्थिक विवरण, राजस्व र धरौटीको निकाय/मन्त्रालयगत आर्थिक विवरण यस भागमा समावेश गरिएको छ ।

प्रस्तुत प्रतिवेदनमा यस वर्ष विभिन्न आयोजना/कार्यक्रम, क्रियाकलाप र संस्था/निकायसमेत २६ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरी देखिएका ब्यहोरा समावेश गरिएको छ ।

१. **कानूनी आधार** – नेपालको अन्तरिम संविधान, २०६३, र लेखापरीक्षण ऐन, २०४८ कार्यमूलक लेखापरीक्षणका प्रमुख कानूनी आधार हुन् । नेपालको अन्तरिम संविधान, २०६३, अनुसार महालेखा परीक्षकले संवैधानिक निकाय, नेपाली सेना, नेपाल प्रहरी, अदालत लगायत सबै सरकारी कार्यालय, जिल्ला विकास समिति, प्रतिष्ठान, कोष, विश्वविद्यालय पूर्ण सरकारी स्वामित्व भएका संगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा परीक्षण गर्ने गरेको छ ।

लेखापरीक्षण ऐन, २०४८ ले महालेखा परीक्षकको काम, कर्तव्य र अधिकारको सन्दर्भमा लेखापरीक्षण सम्बन्धी तरिका, लेखापरीक्षण गर्नुपर्ने कुरा र मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट परीक्षण गरिने विषयको बारेमा विस्तृत रुपमा उल्लेख गरेको छ ।

महालेखा परीक्षकलाई प्राप्त कानूनी अधिकार एवं सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको एसियाली संगठन (एशोसाई) को सदस्यको नाताले यी संस्थाहरुले जारी गरेको घोषणापत्रहरु, लेखापरीक्षणमान तथा लेखापरीक्षण निर्देशिकाको साथै यस कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड तथा कार्यमूलक लेखापरीक्षण मार्गदर्शनमा उल्लेखित कार्यमूलक लेखापरीक्षणको अवधारणा अनुरुप उपलब्ध स्रोत, साधन एवं क्षमता अनुसार कार्यमूलक लेखापरीक्षण गर्दै आएको छ ।

२. **लेखापरीक्षणको स्थिति** – कार्यमूलक लेखापरीक्षण गर्ने सिलसलामा महालेखा परीक्षकलाई मितव्ययिता, कार्यदक्षता एवं प्रभावकारिताको लेखापरीक्षण गर्ने कानूनी अधिकार २०३७ सालदेखि प्राप्त गरेको भएतापनि २०५२ सालमा कार्यमूलक लेखापरीक्षण मार्गदर्शन जारी भएपछि यो लेखापरीक्षणले प्राथमिकता पाउन थालेको हो । सो मार्गदर्शनलाई वस्तुपरक एवं समय सापेक्ष बनाउन २०५७ आषाढमा परिमार्जन गर्ने कार्य भएको छ । कार्यमूलक लेखापरीक्षण बारेमा दातृसंस्था लगायत विभिन्न संस्थाहरुको चासो बढेकोले २०५५ देखि कार्यमूलक लेखापरीक्षणको प्रतिवेदन अलग्गै (भाग–२ मा) प्रस्तुत गर्ने गरिएको छ । विगत ५ वर्षमा कार्यमूलक लेखापरीक्षण गरिएको संख्या चित्र नं. १.१ मा देखाईएको छ ।

प्रतिवेदन वर्ष र संख्या
चित्र नं. १.१




कार्यमूलक लेखापरीक्षणको लागि यस वर्ष ३९ विषयहरु छनौट गरिएकोमध्ये २६ विषयहरुको मात्र लेखापरीक्षण सम्पन्न भएको छ । संख्यात्मकभन्दा गुणात्मक पक्षलाई ध्यान दिएको एवं छनौट गरिएका विषयहरु विभिन्न आन्तरिक एवं बाह्य परिस्थितिहरु (आवश्यक सूचना तथा तथ्याङ्कको कमी, लेखापरीक्षण गर्न पर्याप्त समय, स्रोत र साधनको अभाव, उपयुक्त परामर्शदाता उपलब्ध हुन नसकेको) ले गर्दा १३ विषयहरुको लेखापरीक्षण स्थगित गरिएको छ । यसरी स्थगित विषयहरुमध्ये सान्दर्भिक विषयहरुलाई आगामी वर्षमा निरन्तरता दिइनेछ ।

विश्व बैङ्क लगायत विभिन्न दातृसंस्थाहरुको संयुक्त आर्थिक सहयोगमा सञ्चालित आयोजनहरुमध्ये यस वर्ष गरिबी निवारण कोष र सबैको लागि शिक्षा कार्यक्रमको लेखापरीक्षण विशेष रुपमा लाभग्राहीसँग अन्तरवार्ता, स्थलगत निरीक्षण, सरोकारवालासँग सामुहिक छलफल आदि प्रमाण सङ्कलन विधि अवलम्बन गरी सम्पन्न गर्न थप साधन स्रोतको व्यवस्था गरिएको थियो । यो वर्ष गरिबी निवारण कोष अन्तर्गत विभिन्न ५ जिल्लाहरुमा सञ्चालित क्रियाकलापहरुको गहन रुपमा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गर्न विभिन्न विज्ञ संलग्न परामर्श दातृसंस्थाहरुसँग प्रस्ताव आव्हान गरिएकोमा प्राप्त ३ वटै प्रस्ताव प्राविधिक मूल्याङ्कनमा उत्तीर्ण हुन नसकेको कारण उक्त लेखापरीक्षण कार्य स्थगित गर्नु परेको छ । यसैगरी सबैको लागि शिक्षाको कार्यमूलक लेखापरीक्षणसम्बन्धी विज्ञ र परामर्शदाताबाट केही जिल्लामा प्रारम्भिक परीक्षण गरेपछि प्राप्त नतिजाबाट मात्र अन्यत्र जिल्लामा परीक्षण गर्न मनासिव हुने राय दिएअनुसार दुई जिल्लाका आठ विद्यालयमा पाइलट टेष्टिङ्ग गर्ने कार्य सम्पन्न भएको छ । यी दुवैको कार्यमूलक लेखापरीक्षणलाई आगामी वर्ष निरन्तरताको लागि कारबाही अघि बढाइने छ ।

लेखापरीक्षण गरिएका विषयहरुलाई आयोजना, क्रियाकलाप र निकायको रुपमा छुट्याई हेर्दा विगत ५ वर्षको स्थिति देहाय अनुसार देखिन्छ:

(संख्यामा)

| प्रकृति | प्रतिवेदन वर्ष र संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | जम्मा |
| आयोजना/कार्यक्रम | १६ | १३ | १४ | १० | १० | ६३ |
| क्रियाकलाप | ८ | ७ | ९ | ११ | ६ | ४१ |
| संस्था/निकाय | ११ | १७ | ९ | १२ | १० | ५९ |
| **जम्मा:** | **३५** | **३७** | **३२** | **३३** | **२६** | **१६३** |

जसअनुसार विगत ५ वर्षमा ६३ आयोजना/कार्यक्रम, ४१ क्रियाकलाप, ५९ संस्था/निकाय समेत कुल १६३ को कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **विषय छनौटको आधार** – कार्यमूलक लेखापरीक्षणका लागि सरकारको लगानी, प्राथमिकता क्षेत्र, बजेटको आकारको साथै स्रोत साधन दुरुपयोगका सम्बन्धमा सञ्चार माध्यममा आएका विषयहरु, दाताराष्ट्रहरुले महत्व दिएका वा चासो देखाएका कार्यक्रम, नयाँ आयोजना तथा कार्यक्रम, जनसरोकारका विषय साथै कार्यमूलक लेखापरीक्षण गर्न यस कार्यालयलाई उपलब्ध स्रोत तथा साधन आदि पक्षलाई ध्यान दिई आयोजना, कार्यक्रम वा विषय वस्तुको छनौट गर्ने गरिएको छ । यस वर्षदेखि नेपाल सरकार र दातृ निकाय बीच भएको सम्झौतामा **"कार्यमूलक लेखापरीक्षण"** गर्नुपर्ने गरी प्रावधान राखिएका आयोजनाहरु समेत छनौट गरिएको छ ।

एउटै मन्त्रालय मातहत कार्यालयहरुको काम तथा कार्यसञ्चालनको तुलनात्मक अध्ययन विश्लेषण गर्ने क्रम २०६१।६२ बाट शुरु भएकोमा २०६२।६३ मा कृषि तथा सहकारी मन्त्रालय, स्थानीय विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतका ७ निकायहरुका विभिन्न कार्यालयहरुको कार्यसम्पादन स्थिति तुलनात्मक रुपमा अध्ययन गरिएको थियो । यसरी समान प्रकृतिको कार्य गर्ने निकायहरु बीच तुलनात्मक विश्लेषण गर्दा ती निकायहरुमा सुधारात्मक भावना सिर्जना भई कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि गर्न मद्दत पुग्ने महसूस गरिएको छ । यसै कुरालाई मनन् गरी यो वर्ष निम्न कार्यालयहरुबाट सञ्चालित कार्यक्रमहरुको कार्यमूलक लेखापरीक्षणमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ:

| कार्यालय/कार्यक्रम | गतिविधि | कार्यालयहरु |
|---|---|---|
| १. जिल्ला पशु सेवा कार्यालय | पशु सेवा कार्यक्रम | सुर्खेत, बाँके, कैलाली र कञ्चनपुर |
| २. जिल्ला विकास समिति | स्रोत व्यवस्थापन, कार्यक्रम तर्जूमा र कार्यान्वयन | कास्की र पर्सा |
| ३. क्षेत्रीय र उप क्षेत्रीय अस्पताल | अस्पताल व्यवस्थापन | कास्की र पर्सा |

४. **लेखापरीक्षणको उद्देश्य** – लेखापरीक्षण गरिने आयोजना/कार्यक्रम, क्रियाकलाप एवं संस्था/निकायहरुबाट सम्पादित विकास निर्माण कार्यक्रम एवं सार्वजनिक सेवा प्रवाह लगायतका विषयहरुमा सुधार गर्नुपर्ने क्षेत्र पहिल्याई सरकारी निकायहरुको सार्वजनिक जवाफदेहीता अभिवृद्धिमा सहयोग पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ ।

५. **लेखापरीक्षणको क्षेत्र** – यस वर्षको लेखापरीक्षण मुख्य रुपमा आर्थिक, सामाजिक, पूर्वाधार विकास आदि क्षेत्र अन्तर्गतका गतिविधिहरुलाई समेटिएको छ । जसअनुसार अर्थ, उद्योग तथा आपूर्ति, वाणिज्य, कृषि, तथा सहकारी जलस्रोत, भूमिसुधार तथा व्यवस्था, भौतिक योजना तथा निर्माण, स्थानीय विकास, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत विभिन्न १३ मन्त्रालयसँग सम्बन्धित २६ आयोजना, कार्यक्रम, निकाय तथा विषयवस्तुहरुलाई लेखापरीक्षण कार्यक्षेत्रमा समेटिएको छ ।

उपर्युक्तअनुसार लेखापरीक्षण गरिएका आयोजना/कार्यक्रम र निकाय वा विषय आदिसँग सम्बन्धित क्रियाकलापहरुको गहनता, कार्य प्रकृति, जोखिम र सार्वजनिक जवाफदेहितामा लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी प्रमुख रुपमा निम्न गतिविधिहरुलाई परीक्षणको क्षेत्रमा समेटिएको छ:

| | |
|---|---|
| • उद्देश्य प्राप्तिको स्थिति | • अनुगमन एवं मूल्याङ्कन प्रणाली |
| • लक्ष्य र प्रगतिको तुलना | • हुलाक टिकट व्यवस्थापन |
| • ऐन कानूनको पालना | • अस्पताल व्यवस्थापन |
| • निर्णय प्रक्रिया | • सिंचाई व्यवस्थापन |
| • सूचना प्रणाली र अभिलेख व्यवस्था | • कित्ता नापी |
| • भूमि प्रशासन तालिम | • स्वास्थ्य अनुसन्धान |
| • ड्इङ्ग, डिजाइन र लागत अनुमान | • अर्थ बजेट |

यस वर्षको लेखापरीक्षण प्रमुख रुपमा २०६२।६३ मा केन्द्रित रहेतापनि विषयवस्तुहरुको परीक्षण मूल्याङ्कनको लागि न्यूनतम तीन वर्षको सूचना तथा तथ्याङ्कको मूल्याङ्कन एवं विश्लेषण गरिएको छ ।

६. **लेखापरीक्षण पद्धति** – कार्यमूलक लेखापरीक्षणको सिलसिलामा यस कार्यालयले अवलम्बन गरेको लेखापरीक्षण कार्यबिधि चित्र नं. १.२ मा देखाइएको छ ।



चित्र नं. १.२

कार्यमूलक लेखापरीक्षणको क्रममा विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीको समीक्षा अन्तर्गत कार्यक्रम वा आयोजनासँग सम्बन्धित आयोजना विवेचना प्रतिवेदन, ऐन नियम, नीतिगत कागजात, निर्णय सम्बन्धी फाइल एवं विभिन्न प्रकाशन आदिको अध्ययन गरिएको थियो । कार्यमूलक लेखापरीक्षण विश्लेषण एवं मूल्याङ्कन गर्नुपर्ने प्रकृतिको काम भएकोले लेखापरीक्षण गर्दा आवश्यकताअनुसार नतिजामूलक वा प्रक्रियामूलक पद्धति वा दुवै पद्धतिको अवलम्बन गरिएको छ । यसको लागि विषयगत लेखापरीक्षणको उद्देश्य र क्षेत्र समेतलाई बिचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी तथा तथ्याङ्क सङ्कलन गरिएको छ । उपर्युक्तअनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी, छलफल, कार्यशाला आयोजना एवं अवलोकनको आधारमा जोखिमको मूल्याङ्कन गरी सोबाट तात्विक महत्वका विषयहरु पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्विकता एवं विश्वसनीयताको परीक्षण गर्न प्रश्नावली, अन्तरवार्ता, विशेषज्ञको राय/परामर्श लगायत मामला अध्ययन समेतको आधारमा सवल तथा दूर्वल पक्षहरु र अवसर तथा चुनौतीहरु (SWOT) को विश्लेषण एवं मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिएको छ । विषयवस्तुको यथार्थ मूल्याङ्कन गर्न स्थलगत अवलोकन लेखापरीक्षणको एक प्रभावकारी तरिका भए तापनि मुलुकभित्र तत्कालीन असहज परिस्थितिका कारणबाट निकाय, आयोजना/कार्यक्रमको सीमित रुपमा स्थलगत अवलोकन गरिएको छ । परीक्षणबाट पत्ता लागेका प्रत्येक तात्विक महत्वको विषयलाई मूल्याङ्कन आधार (सूचकाङ्क), क्रियाकलापको अवस्था, कारण एवं असर/प्रभाव (Criteria, Condition, Cause, Consequences) को आधारमा विश्लेषण गरी लेखापरीक्षण नतिजालाई सुनिश्चित गरिएको छ । लेखापरीक्षणबाट देखिएका सम्भावित सुधारका क्षेत्र र अवसरको महत्वलाई बिचार गरी तत्काल र भविष्यमा चाल्नुपर्ने कदमको बारेमा सुझाउ (Corrective Measure) प्रस्तुत गरिएको छ ।

लेखापरीक्षण कार्यलाई सहभागितामूलक बनाउन सम्बद्ध पक्षसँग प्रवेश बैठकबाट परीक्षण कार्य सुरु गर्ने प्रचलनलाई पूर्णरुपमा अवलम्बन गरिएको छ । यस वर्ष महालेखा परीक्षकको उपस्थितिमा विश्व बैङ्कका पदाधिकारीहरुसँग समेत यस किसिमको बैठक आयोजना गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनलाई बढी यथार्थपरक, सान्दर्भिक, विश्वसनीय र परिष्कृत गर्न लेखापरीक्षण गरिएका निकायका पदाधिकारीहरुसँग प्रत्येक विषयवस्तुको मस्यौदा लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्न समापन बैठक गरी सो बैठकमा प्राप्त सुझाउ सहितका व्यहोरा सम्प्रेषण गरी त्यस उपर छलफल गराई प्रतिवेदन परिमार्जन समेत गर्ने पद्धति अवलम्बन गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोली र सम्बन्धित पदाधिकारीहरुबीच गोष्ठी आयोजना गर्ने प्रक्रिया समेत थालनी गरिएको छ । कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा तथा स्थितिको यथार्थता झल्काउन र स्पष्टताको लागि सम्भव भएसम्म विगतको तुलनामा बढी मात्रामा ग्राफ, तालिका र फोटोको माध्यमबाट चित्रण गर्ने प्रयास गरिएको छ ।

७. **लेखापरीक्षणको सीमा** – कार्यमूलक लेखापरीक्षणको निष्कर्ष र सुझावहरु प्रशोधित तथ्याङ्क तथा सूचनामा आधारित रहनु र तिनलाई स्थलगत निरीक्षण, सेवाग्राहीसँग सामुहिक छलफल (Focus Group Discussion), अन्तरवार्ता आदिको माध्यमबाट परिमार्जन र परिस्कृत गर्न सकियोस् भन्ने यस कार्यालयको मनसाय रहे तापनि कतिपय उपयोगी तथ्याङ्क तथा सूचनाहरु लेखापरीक्षण अवधिमा प्राप्त नभएको, प्रश्नावलीहरु तथ्यपरक ढङ्गले पूर्णरुपमा भरी नआएको, कतिपय विषयहरुको लागि समय पर्याप्त नभएको, यसवर्ष तराईमा सिर्जित विशेष परिस्थितिको कारण त्यस क्षेत्रका कृषि विकास योजना, जनकपुर, वागमती नदी नियन्त्रण आयोजना, पुल निर्माण कार्यक्रम (डिभिजन सडक कार्यालय, जनकपुर), जिल्ला विकास समिति, पर्साबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी ढङ्गले स्थलगत निरीक्षण गर्न सकिएको छैन । कार्यमूलक लेखापरीक्षणको लागि स्थलगत रुपमा पटक पटक भ्रमण गर्नुपर्ने तर कार्यालयमा स्रोत, साधन र समयको अभावले गर्दा लेखापरीक्षण कार्य पूर्ण रुपमा प्रभावकारी हुन नसकेको महसूस गरिएको छ ।

८. **लेखापरीक्षणको आधार** – यस वर्षको लेखापरीक्षणमा कार्यमूलक मूल्याङ्कनका आधार (सूचकाङ्क) तय गर्दा लेखापरीक्षण गरिने निकायबाट निर्धारित प्राविधिक, व्यवस्थापकीय एवं अन्य सूचकाङ्कहरु, सम्भाव्यता अध्ययन तथा विवेचना प्रतिवेदन, विभिन्न ऐन, नियम, आवधिक योजना तथा नीति, वार्षिक कार्यक्रम लगायत सम्वन्धित कार्यालय, आयोजना र कार्यक्रम आदिले जारी गरेका मार्गदर्शन, परिपत्र, प्रचलित मापदण्ड एवं अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई स्रोतको रुपमा लिइएको छ ।

उपर्युक्त प्रमुख आधारहरुलाई दृष्टिगत गरी परीक्षण मूल्याङ्कन गर्दा देखिएका कमी कमजोरी र सुधारका क्षेत्रहरु सम्वन्धित आयोजना, कार्यक्रम वा विषयवस्तुको खण्डमा प्रस्तुत गरिएको छ । लेखापरीक्षणको आधार वा सूचकाङ्कसँग तुलना गर्दा मूल्याङ्कन तथा विश्लेषणबाट सकारात्मक वा कार्य सम्पादन स्थिति सन्तोषजनक नपाइएमा त्यस्तो व्यहोरा समेत प्रतिवेदनमा समावेश गरिएको छ । यसबाट योजना वा कार्यक्रम कार्यान्वयनबाट राम्रो परिणाम अर्थात प्रतिफल प्राप्त गर्ने योजना, कार्यालय वा निकायहरुलाई प्रेरणा र प्रोत्साहन मिल्ने आशा गरिएको छ ।

९. **सुझाउ कार्यान्वयनको अनुगमन** – अनुगमन लेखापरीक्षण कार्यमूलक लेखापरीक्षणको अभिन्न अङ्गको रुपमा रहेकोले गत वर्षदेखि विषयवस्तुको महत्व, गाम्भिर्यता र उपलब्ध साधन तथा स्रोतलाई विचार गरी अनुगमन लेखापरीक्षणको थालनी गरिएको छ । अनुगमन लेखापरीक्षणलाई निरन्तरता दिने क्रममा विगतमा कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका विषयवस्तुहरुमध्ये गत वर्ष २ निकायको अनुगमन लेखापरीक्षण गरिएकोमा यो वर्ष व्यापार प्रवर्द्धन केन्द्र, कृषि विकास आयोजना, जनकपुर र अध्यागमन प्रशासन समेत ३ निकायको अनुगमन लेखापरीक्षण सम्पन्न गरिएको छ । विगतमा यी कार्यक्रम र निकायलाई दिइएका सुझाउहरुको कार्यान्वयन स्थितिको अनुगमन लेखापरीक्षण गर्दा देखिएको व्यहोरा प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

कार्यमूलक लेखापरीक्षण गरे पश्चात् सामान्यतया ३ वर्षको अन्तरालपछि सुझाउ कार्यान्वयन स्थितिको अनुगमन गर्नुपर्ने अवधारणा कार्यमूलक लेखापरीक्षण मार्गदर्शनमा उल्लेख गरिएको छ । विगतका प्रतिवेदनहरुमा दिइएका सुझाउ कार्यान्वयनको अनुगमन गर्न विगत ३ वर्षदेखि अनुगमन स्थितिको बारेमा तथ्याङ्क सङ्कलन गरी

समीक्षा गर्ने कार्यको थालनी समेत गरिएको छ । वार्षिक प्रतिवेदन, २०६० र २०६१ को भाग – २ मा समावेश गरिएका आयोजना, कार्यक्रम र निकायमध्ये २० को अनुगमन लेखापरीक्षण गर्न अनुगमन ढाँचा तयार गरी सम्बन्धित कार्यालयहरुसँग पत्राचार गरिएकोमा ७ कार्यालयबाट मात्र जानकारी प्राप्त भएको छ । प्राप्त जानकारीअनुसार सुझाउ कार्यान्वयनको स्थितिलाई विश्लेषण गर्दा दिइएका ९८ मध्ये ४१ सुझाउ पूर्णरुपमा र ३४ सुझाउ आंशिक रुपमा कार्यान्वयन गरेको र २३ सुझाउ कार्यान्वयन नभएको जानकारी प्राप्त भयो । दिइएका सुझाउहरुमध्ये स्रोत साधनको कमी, नीतिगत पहल हुन नसकेको, व्यवस्थापन तहमा वारम्बार परिवर्तन, व्यवस्थापन सूचना प्रणालीको अभाव आदि कारणबाट कार्यान्वयन गर्न नसकिएको जानकारी सम्बन्धित कार्यालयबाट प्राप्त भएको छ ।

१०. **गुणस्तर अभिवृद्धि** – गुणस्तरीय प्रतिवेदनको माध्यमबाट सार्वजनिक क्षेत्रमा जवाफदेहिता अभिवृद्धि गर्नु कार्यमूलक लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । गुणस्तर अभिवृद्धि गर्न व्यवस्थित रुपमा मार्गदर्शनअनुसारको प्रक्रिया अवलम्वन गरी प्रतिवेदनमा सही र यथार्थ व्यहोराहरु प्रस्तुत गर्नु आवश्यक छ । यसबाट प्रतिवेदनको विश्वसनीयता वढने र सम्बद्ध पक्ष समक्ष यथार्थ सूचना सम्प्रेषणमा सहयोग पुग्ने हुँदा साधन स्रोतले भ्याएसम्म प्रतिवेदनको गुणस्तर अभिवृद्धिमा कार्यालय सदैव संवेदनशील रहेको छ । लेखापरीक्षण ऐन,२०४८ ले महालेखा परीक्षकलाई विशेषज्ञको सेवा लिनसक्ने प्रावधान अनुरुप यो वर्ष निम्नानुसार विभिन्न ५ क्षेत्रका विशेषज्ञको सेवा लिइएको छ:

| आयोजना/कार्यक्रम | विशेषज्ञको किसिम | आयोजना/कार्यक्रम | विशेषज्ञको किसिम |
|---|---|---|---|
| जिल्ला पशु सेवा कार्यालय, बाँके, सुर्खेत, कैलाली र कञ्चनपुर | पशु विशेषज्ञ | प्रगन्ना सिचाई कुलो आयोजना | इन्जिनियर |
| शहरी वातावरण सुधार आयोजना | शहरी योजनाविद् | बबई सिचाई आयोजना | इन्जिनियर |
| अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | प्राकृतिक स्रोत विज्ञ | | |

११. **जनशक्ति व्यवस्था र विकास** – यो बर्ष कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका २६ आयोजना/कार्यक्रम, क्रियाकलाप र संस्था/निकायको परीक्षण, मूल्याङ्कनको निम्ति कार्यमूलक लेखापरीक्षण महानिर्देशनालयको नायब महालेखा परीक्षक १, निर्देशक २, लेखापरीक्षण अधिकारी ६ तथा सहयोगी कर्मचारी ९ समेत १८ जना र अन्य निर्देशनालयका नायब महालेखा परीक्षक ६, निर्देशक १३ एवं लेखापरीक्षण अधिकारी १४ को संलग्नता रहेको थियो ।

कार्यमूलक लेखापरीक्षण विश्लेषणात्मक प्रकृतिको काम भएकोले प्रतिवेदनको स्तरीयता र विश्वसनीयता परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाको साथै साधन, स्रोत एवं प्राविधिक ज्ञानमा निर्भर रहन्छ । यसको लागि कर्मचारीहरुलाई कार्यमूलक लेखापरीक्षणको ज्ञान र सीप अभिवृद्धिको लागि तालिम एवं अध्ययनको आवश्यकता रहन्छ । लेखापरीक्षण गर्ने निकायहरुको विविधता र जटिलतालाई दृष्टिगत गर्दा जनशक्ति विकासको उल्लेखित अवस्था पर्याप्त नभएको महसूस गरिएको छ ।

१२. **सुझाउ** – यो वर्ष कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका २६ विषयसँग आवद्ध संस्थाहरुको विभिन्न १७९ तात्विक महत्वका विषयहरु (MOPS) को विश्लेषण गरी तत्काल गर्नुपर्ने १२३ र भविष्यमा गर्नुपर्ने ८६ गरी कुल २०९ सुझाउहरु दिइएको छ । सुझाउहरुको कार्यान्वयन गर्ने दायित्व तालुक तथा मातहत कार्यालय दुवैको हो । व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएका सुझाउहरुको कार्यान्वयनबाट सरकारको कार्य सम्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । सुझाउ पालनाले निकायहरुको कार्य सम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले दिइएका सुझाउलाई भविष्यको निम्ति सुधार गर्ने महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकेमा सरकारी क्रियाकलापमा थप सुधारको अपेक्षा गर्न सकिन्छ ।

१३. **चुनौती** – उपलब्ध सीमित स्रोत साधनको उच्चत्तम उपयोग गर्दै कानूनले सुम्पेको जिम्मेवारी अनुरुप कार्यमूलक लेखापरीक्षण गर्ने कार्य आफैमा चुनौतीपूर्ण छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संस्था (INTOSAI) ले सन् २००४ (२०६१) मा जारी गरेको "कार्यमूलक लेखापरीक्षणको कार्यान्वयन मार्गदर्शन" सँग सामञ्जस्य हुने गरी कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०५७ लाई परिमार्जन गरी सो अनुरुपको जनशक्ति विकास, निकायहरुबाट समयमै यथार्थ र पूर्ण सूचना एवं जानकारीको उपलब्धता,

कार्यमूलक लेखापरीक्षण प्रति व्यवस्थापिका–संसद, दातृ निकाय, नागरिक समाज समेतको बढ्दो चासो र सरोकारलाई यस कार्यालयले चुनौतीको रुपमा स्वीकारेको छ । कार्यालयको ४९ औं बार्षिकोत्सव समारोहमा माननीय सभामुख, माननीय अर्थमन्त्री र सार्वजनिक लेखा समितिका सभापतिले लेखापरीक्षणको महत्वमा प्रकाश पार्दै परिणाममुखी र जनचाहना अनुसार लेखापरीक्षण हुनुपर्नेतर्फ जोड दिनुभएबाट कार्यमूलक लेखापरीक्षणलाई समयानुकूल, जनभावना र दातृसंस्थाहरुको आवश्यकता अनुरुप बनाई सफलताका साथ सम्पन्न गर्न आगामी दिन अझै चुनौतीपूर्ण हुने सङ्केत देखिएको छ ।

१४. **भविष्यको कार्यदिशा** – कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएको चुनौती, समस्या र जटिलताहरुलाई सहज रुपमा पार लगाउन, लेखापरीक्षण टोलीलाई उच्च मनोवलका साथ लेखापरीक्षण कार्यमा अभिप्रेरित गर्न, सर्वपक्षीय चाँसो र सरोकार एवं विश्वव्यापी मान्यता अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण प्रतिवेदन तयार गर्न कार्यमूलक लेखापरीक्षण गरिने प्रत्येक विषयहरुको लागि छुट्टै बजेटको व्यवस्था गरी हरेक विषयलाई बेग्लै आयोजनाको रुपमा सञ्चालन गर्न अपरिहार्य देखिएको छ । लेखापरीक्षणलाई बेग्लै आयोजनाको रुपमा सञ्चालन गर्न अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लेखित विभिन्न क्रियाकलापका लागि व्यवस्था भएको नर्म्स लेखापरीक्षणको प्रकृति सुहाउँदो नभएकोले थप केही क्रियाकलापको लागि छुट्टै नर्म्स स्वीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । कार्यमूलक लेखापरीक्षणप्रति सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एसियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरुबीच अनुभव अदान प्रदान गर्न र दातृसंस्थाहरुको आवश्यकता र चासोलाई ध्यानमा राखी यस प्रतिवेदनमा समावेश गरिएका कार्यमूलक लेखापरीक्षण प्रतिवेदनहरुमध्ये केहीको अंग्रेजी अनुवाद गर्नु उपयुक्त हुने कुरा महसुस गरिएको छ ।

कार्यमूलक लेखापरीक्षणको निम्ति सार्वजनिक लेखा समितिको मार्गदर्शन, सुझाव र सहयोग सदा झैं अपेक्षित छ । साथै कार्यालयको जनशक्ति विकास, मार्गदर्शन परिमार्जन एवं कार्यमूलक लेखापरीक्षणका हरेक विषयहरुलाई बेग्लै आयोजनाको रुपमा सञ्चालन गर्न आवश्यक साधन स्रोतको व्यवस्था गर्न सरकारबाट आवश्यक सहयोग निरन्तर प्राप्त हुने विश्वास लिइएको छ ।